त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति :- २०८१/१२/१३

विषयः बैठकको निर्णय सार्वजनिक गरिएको ।

यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८१ चैत्र १० गतेको चौधौं बैठकका महत्वपूर्ण निर्णयहरुको संक्षिप्त व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि तपसिल अनुसार सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | • चालु आर्थिक वर्षको लागि स्वीकृत सम्झौता गर्न बाँकी योजनाहरुलाई २०८१ चैत्र मसान्तसम्म सम्झौता गर्न र २०८२ जेठ १५ सम्म भुक्तानी माग गर्ने समय सीमा तोक्ने । | |
| २ | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कर्मचारी तथा जनप्रतिधि आवास निर्माण योजनाको लागि वडा नं. ३ बाट २ जना, वडा नं. ४ बाट २ जना, वडा नं. ५ बाट ३ जना र वडा नं. ६ बाट २ जना बेरोजगार व्यक्तिहरु कामकाजमा लगाउने । | |
| ३ | • विद्यालय अनुगमन तथा झण्डा वितरण कार्यक्रमको नतिजालाई अनुमोदन गर्ने र सोही अनुसार पुरस्कृत गर्ने व्यवस्था मिलाउने । | |
| ४ | • त्रिवेणी गाउँपालिकाको अद्यावधिक गाउँ शिक्षा योजनालाई स्वीकृत गर्ने । | |
| ५ | • जेसी अडिट २०८०/०८१ को प्रतिवेदनलाई अनुमोदन गर्ने । | |
| ६ | • चालु आर्थिक वर्षको लागि स्वीकृत स्वास्थ्य बिमा कार्यक्रमको लागि १४ जना लाभग्राहीहरु छनौट गर्ने । कृषि बिमाको लागि वडा नं. २ र ४ लाई छनौट गर्ने । | |
| ७ | • विभिन्न विपदबाट प्रभावित बनेका गाउँपालिकाका सरकारी नियकाहरुलाई आर्थिक सहायताको लागि प्रक्रिया अगाडि बढाउने । | |
| ८ | • गाउँपालिकाको बालबालिका तथा सामावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८१ को मस्यौदालाई स्वीकृत गर्ने । | |
| ९ | • मालिया कनस्ट्रकसन प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने, पारेखोला तिकिनभिर तमिडाँडा कोइला खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, चेत्रेखोला सिंचाई लिफ्टिङ उभोक्ता संस्था र झाँक्रीपानी सुपखोला लिफ्टिङ खानेपानी उपभोक्ता संस्था दर्ता गरी जलस्रोत उपयोग अनुमति पत्र जारी गर्ने । साथै डरुवा बैंसबोट लिफ्टिङ खानेपानी उपभोक्ता संस्था दर्ता र जलस्रोत उपयोग अनुमति पत्रको प्रक्रिया अगाडि बढाउने । | |
| १० | • वडा नं. ७ तिलामा प्रहरी चौकी स्थापना गर्न नेपाल सरकार समक्ष माग गर्ने । सो नहुँदासम्म अस्थायी प्रहरी चौकीको व्यवस्थाको लागि माग गर्ने । | |

| | | |
|---|---|---|
| ११ | • जुगार प्रहरी चौकीलाई ख वर्गको प्रहरी कार्यालयमा स्तरोन्नती गर्न नेपाल सरकारलाई अनुरोध गर्ने । | |
| १२ | • फुसको छानो विस्थापन कार्यक्रमको लागि साविककै सूचीबाट लाभग्राही छनौट गरी कार्यक्रम अगाडि बढाउने । | |
| १३ | • ब्याक हो लोडर खरिदको लागि अपुग रकमको स्रोत व्यवस्थापन गर्ने । साविकको आगलागीमा परेको ब्याक हो लोडरको लगत कट्टा गर्ने । | |
| १४ | • विद्यालयको गुनासो सुनुवाई कार्यविधि, २०८१ को मस्यौदालाई स्वीकृत गर्ने । | |
| १५ | • वडा नं. ६ मा नेपाल सरकारद्वारा सञ्चालित जम्मुखोला --- दारिम जिउले खानेपानी आयोजनालाई पूर्णता दिने प्रतिवद्धता व्यक्त गर्ने र वडा नं. ४ बासठाना बताउडाँडा मोटरबाटोको लागि रकम व्यवस्थापन गर्ने । | |
| १६ | • गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको खर्च अनुमोदन गर्ने र जिल्ला स्तरीय प्रतियोगितामा समेत सहभागी हुने र सो को खर्च प्रस्ताव स्वीकृत गर्ने । | |
| १७ | • स्वीकृत दरवन्दी तर्फ रिक्त रहेका प्राविधिक पदमा सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने । | |

(कविराज बुढा)
प्रवक्ता